# भक्तपुर नगरपालिकाको उन्नाइसौ  नगर सभा

## २०८२ पुष २४ गते, विहीबार (पहिलो दिन)

१) भक्तपुर नगरपालिकाको उन्नाइसौं नगर सभाको उद्घाटन समारोह नेपाल मजदुर किसान पार्टीका सचिव श्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यमा भनपा सभा कक्षमा पानसमा दिप प्रज्ज्वलन गरी सम्पन्न भयो ।

२. उन्नाइसौ नगर सभाको उद्घाटन समारोह पश्चात् सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षतामा नगर सभाको बैठक बस्यो । बैठकमा उद्घाटन समारोह सफलतापूर्वक सम्पन्न गर्न उपस्थित हुनु हुने प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव श्री प्रेम सुवाल,  विशेष  अतिथि बागमति प्रदेश सभाका माननीय सांसद श्री सुरेन्द्रराज गोसाई र अतिथि प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकाललाई धन्यवाद दिने देहाय बमोजिमको धन्यवाद प्रस्ताव सभामा पेश गरी सर्वसम्मतिबाट पारित भएकोभएको घोषणा गर्नु भयो ।

**धन्यवाद प्रस्ताव**

१९ औं नगर सभाको उद्घाटन समारोह भव्यताका साथ सम्पन्न गर्न नगरपालिकाको निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव श्री प्रेम सुवालज्यू, बागमती प्रदेशका माननीय सभासद् श्री सुरेन्द्रराज गोसाईज्यू, भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यू, ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेश प्रताप मल्लज्यू र ख्वप कलेज अफ लका प्राचार्य श्री अनिता जधारीज्यूप्रति धन्यवाद ज्ञापन गर्ने प्रस्ताव सभा समक्ष निर्णयार्थ पेश गर्दछु ।

३. सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक २०८२ पुष  २५ गते, शुक्रबार बिहान ९:०० बजे बस्ने जानकारी गराउनु भयो ।

**भक्तपुर नगरपालिकाको उन्नाइसौं नगर सभा (दोश्रो दिन)**
**२०८२ पुष २५ गते, शुक्रबार**

१. सभा अध्यक्ष एवम् नगर प्रमुख श्री सुनिल प्रजापतिबाट उन्नाइसौं नगर सभाको दोश्रो दिनको बैठक शुरु गर्दै विशेष समयमा बोल्न चाहने सभासदहरुलाई समय प्रदान गर्नुभयो र बोल्ने चाहनु हुने सभासदहरुको नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो ।

२. विशेष समयमा बोल्नु हुँदै **सभासद् श्री मन्जु मैया लाखा**ले संयुक्त राज्य अमेरिकाबाट भेनेजुयलामाथि भएको आक्रमण र भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरो र उनका श्रीमतिको अपहरणको निन्दा गर्दै सो सम्बन्धमा विरोध प्रस्ताव पारित गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

३. **सभासद् श्री कृष्ण नारायण दुमरु**ले छलफल भाग लिनु हुंदै देशको समसामयिक राजनीति र संयुक्त राज्य अमेरिकाले भेनेजुयालामाथि गरेको आक्रमणको विषयमा आफ्नो विचार व्यक्त गर्नुभयो ।

४. **सभासद् श्री हेरा ख्याजु**ले छलफल भाग लिनु हुँदै भक्तपुरको बजार व्यवस्थापन व्यवस्थित गर्नुपर्ने, नगरपालिकाको कर र शुल्कहरु व्यवस्थित रुपमा नियमित संकलन गर्नुपर्ने व्यवस्था मिलाउनु पर्ने, कृषि प्राविधिक तालिम सञ्चालन गर्नुपर्ने, चिस्यान केन्द्र शीघ्र सञ्चालन गर्नुपर्ने र भक्तपुर कमलविनायक स्थित तमुज्या चोकको हरियाली व्यवस्थापन गर्नुपर्ने सुझाव दिनु भयो ।

५. विशेष समयमा बोल्नु हुँदै **सभासद् श्री कृष्ण गोपाल चौगुठी**ले देगमनाबाट बाराही स्थान जाने बाटोमा रहेको पुरिएको ढुंगेधारा उत्खन्न गरी पुनः निर्माण गर्नुपर्ने, मंगलतिर्थ घाट व्यवस्थित गर्नुपर्ने विषयमा विचार व्यक्त गर्नुभयो ।

६. विशेष समयमा बोल्नु हुँदै **सभासद् श्री कृष्ण लाल किसी**ले लिवाली आवास योजनाका खुल्ला चौरहरुलाई व्यवस्थित गरी सो स्थानमा आवश्यकता अनुसार सार्वजनिक पाटी निर्माण गर्नुपर्ने, एक विद्यालय एक करेसाबारी कार्यक्रम सञ्चालन गर्नुपर्ने, ख्वप अस्पतालका सबै सेवाहरुमा कुपनको व्यवस्था गर्नुपर्ने, रैथाने विउ विजन संरक्षण गर्नुपर्ने, जगातिको ऐतिहासिक सत्तल पुनः निर्माण गर्नुपर्ने, वडाबाट प्रवाह हुने सबै सेवाहरुमा एक रुपता ल्याउनु पर्ने विचार राख्नु भयो ।

७. **सभासद् श्री सूर्य प्रसाद श्रेष्ठ**ले छलफलमा भाग लिनु हुंदै भ.न.पा.१ स्थित गणेश मा.वि.मा +2 कक्षा सञ्चालन गर्न पहल गर्नुपर्ने, होटलहरुको करमा एकरुपता ल्याउनु पर्ने, दूधपाटीदेखि खौमा सम्मको बाटोमा चार पांग्रे सवारी साधन रोक लगाउनु पर्ने, भार्वाचोको बसपार्कलाई पर्यटक बस पार्कको रुपमा विकास गर्नुपर्ने, स्थानीय शिल्प कला सम्बन्धी विवरणहरु संकलन गरी यसको प्रदर्शनीको व्यवस्था मिलाउनु पर्ने, वडागत सडक महोत्सवहरु सञ्चालन गर्नुपर्ने, नगरका सबै सामुदायिक विद्यालयहरुमा खेलकुद प्रशिक्षक व्यवस्था गर्नुपर्ने, कृषि उत्पादन वृद्धि गर्न आवश्यक नीति र कार्यविधि निर्माण गर्नुपर्ने, नगर क्षेत्रका परम्परागत पानीका स्रोतहरुको संरक्षण गर्नुपर्ने, तालिम प्राप्त नगरवासीहरुको सीपलाई सदुपपयोग गर्नुपर्ने वतावरण तयार गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

८. **सभासद् श्री हरिरत्न गोर्खाली**ले छलफलमा भाग लिनु हुंदै संयुक्त राज्य अमेरिकाले भेनेजुयलामाथि गरेको आक्रमण र एमसीसी सम्झौताको विरोध गर्नु भयो ।

९. **सभासद् श्री इन्द्र बहादुर प्याथ**ले छलफलमा भाग लिनु हुंदै समसामयिक राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीति सम्बन्धी आफ्नो विचार व्यक्त गर्नु भयो ।

१०. **सभासद् श्री गोविन्द दुवाल**ले छलफलमा भाग लिनु हुंदै गुठी जग्गा कमाउनेहरुको मोहियानी हक संरक्षण गर्नुपर्ने, नयाँ पुस्ताको उत्ताउलो जीवन शैली नियन्त्रण गर्न पहल गर्नुपर्ने, टोल टोलमा सामाजिक विकृतिको नियन्त्रणको लागि आवश्यक व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

११. सभाअध्यक्ष श्री प्रजापतिले सभाको बैठक १० मिनेटको लागि स्थगित भएको जानकारी गराउनु भयो ।

१२. सभाअध्यक्ष श्री प्रजापतिले बैठक पुनः सञ्चालन गर्नु हुंदै वडा वडाको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न समय प्रदान गर्नुभयो र देहाय बमोजिमका वडाका प्रतिवेदनहरु देहाय बमोजिमका वडाअध्यक्षहरुबाट सभा समक्ष प्रस्तुत गर्नुभयो :

१ न. वडाको प्रतिवेदन वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीबाट,
२ न. वडाको प्रतिवेदन वडाअध्यक्ष श्री हरि प्रसाद बासुकलाबाट,
३ न. वडाको प्रतिवेदन वडाअध्यक्ष श्री राजकृष्ण गोराबाट,
४ न. वडाको प्रतिवेदन वडाअध्यक्ष श्री उपेन्द्र सुवालबाट,
५ न. वडाको प्रतिवेदन वडाअध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेबाट,
७ न. वडाको प्रतिवेदन वडाअध्यक्ष श्री उकेश कवांबाट,
८ न. वडाको प्रतिवेदन वडाअध्यक्ष श्री कृष्ण प्रसाद सुवालबाट,
९ न. वडाको प्रतिवेदन वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वबाट,
१० न. वडाको प्रतिवेदन वडाअध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखाबाट

१३. सभा अध्यक्ष प्रजापतिबाट भनपा ९ नं. का वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वलाई भेनेजुयलामाथि संयुक्त राज्य अमेरिकाको आक्रमणको विरोध प्रस्ताव सभा समक्ष प्रस्तुत गर्न समय प्रदान गर्नुभयो र वडाअध्यक्ष श्री ज्याख्वले विरोध प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो र सभा अध्यक्ष प्रजापतिले देहाय बमोजिमको विरोध प्रस्ताव सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नु भयो :

**प्रस्ताव**

गत जनवरी ३, २०२६ को राति अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रत्यक्ष निर्देशनमा विशेष सैनिक दस्ता डेल्टाफोर्सले करिब १५० लडाकु हेलिकप्टर र अन्य युद्धक विमानहरुको प्रयोग गरी स्वतन्त्र र सार्वभौम देश भेनेजुयलामाथि आक्रमण गरी राष्ट्रपति निकोलस माडुरो तथा उनका पत्नी सिलिया फ्लोरेसलाई अपहरण गरी आफ्नो देशको अदालति कार्वाही अगाडि बढाउनु अन्तर्राष्ट्रिय कानून र संयुक्त राष्ट्र संघको बडापत्रको उलङ्घन भएको ठहर गर्दै विश्वका न्यायप्रेमी जनताहरु अमेरिकी साम्राज्यवादको विरोधमा प्रदर्शन गरिरहेका छन् ।

आफ्ना छिमेकी देशहरुमाथि प्रभुत्व जमाएर साना देशहरुको स्रोत साधन लुट्न सत्ता परिवर्तनका घृणित कार्यहरु गर्ने मुनरो नीतिलाई पुनः लागू गर्ने विभेदकारी ट्रम्प सरकारको यो नगर सभा भत्सर्ना गर्दै नियन्त्रणमा राखिएका राष्ट्रपति मादुरो दम्पतिमाथि लगाईएको झुठा मुद्दा फिर्ता लिन र उनीहरुलाई सकुशल रिहा गरी अन्तर्राष्ट्रिय कानूनको पालना गर्न समेत यो नगर सभा जोड्दार माग गर्दछ ।

१४. सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक मिति २०८२ पौष २८ गते, दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

## भक्तपुर नगरपालिकाको उन्नाइसौं नगर सभा (तेश्रो दिन)
## २०८२ पुष २८ गते, सोमबार

१. सभा अध्यक्ष एवम् नगर प्रमुख श्री सुनिल प्रजापतिबाट उन्नाइसौं नगर सभाको तेश्रो दिनको बैठक शुरु गर्नु हुंदै देहाय बमोजिमको विषयगत समितिहरुको प्रतिवेदन सभामा पेश गर्न समय प्रदान गर्नुभयो र देहाय बमोजिमका समितिका पदाधिकारीहरुले देहाय बमोजिमका समितिहरुको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो :

१. अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समितिको प्रतिवेदन समितिका सदस्य श्री श्यामकृष्ण खत्रीबाट

२. युवा तथा खेलकुद समितिको प्रतिवेदन संयोजक श्री श्यामकृष्ण खत्रीबाट

३. आर्थिक तथा लेखा समितिको प्रतिवेदन संयोजक श्री हरि प्रसाद बासुकलाबाट

४. महिला, बालबालिका तथा समाज कल्याण समितिको प्रतिवेदन संयोजक श्री रोशन मैया सुवालबाट

५. निर्माण समितिको प्रतिवेदन संयोजक श्री उकेश कवांबाट

६. बजार अनुगमन समितिको प्रतिवेदन संयोजक श्री राजकृष्ण गोराबाट

७. योजना अनुगमन समितिको प्रतिवेदन सदस्य उपेन्द्र सुवालबाट

८. वातावरण तथा पर्यटन समिति र शिक्षा समितिको प्रतिवेदन संयोजक तथा सदस्य श्री रविन्द्र ज्याख्वबाट

९. न्यायिक समितिको प्रतिवेदन सदस्य श्री हरिराम सुवालबाट

२. सभा अध्यक्ष एवम् नगर प्रमुख श्री सुनिल प्रजापतिबाट समय प्राप्त गरी आर्थिक समितिका संयोजक श्री हरिप्रसाद बासुकला कर प्रशासन सम्बन्धी संशोधन प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नु भयो र सभा अध्यक्ष प्रजापतिले देहाय बमोजिमको उक्त कर प्रशासन सम्बन्धी संशोधन प्रस्ताव सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नु भयो :

**कर प्रशासन सम्बन्धी संशोधन प्रस्ताव**

सम्पत्ति कर मूल्याङ्कनमा टहराको मूल्याङ्कन सम्बन्धमा भक्तपुर नगरपालिकाको आर्थिक ऐन,२०८२ को अनुसूचि १ मा स्पष्ट व्यवस्था नभई मूल्याङ्कनमा द्विविधा भएको विषयलाई सम्बोधन गर्न निम्नानुसार गर्दा उचित हुने प्रस्ताव निर्णयार्थ सभा समक्ष पेश गर्दछु :

**क**) बाँस वा फलामको पोल राखी जस्ताले वा इकोप्यानलले घेरेको टहरा वा यस्तै अन्य संरचनाको मूल्याङ्कन गर्दा आर्थिक ऐनमा उल्लेखित प्रति वर्ग फिट लागत दर रु. ६००।- पर्ने वर्ग अन्तर्गत राखी मूल्याङ्कन गर्ने ।

**ख**) टहराको हकमा मात्र टहराले चर्चेको जग्गाको मूल्याङ्कनमा ७५ प्रतिशत छुट गर्ने ।

३. सभा अध्यक्ष एवम् नगर प्रमुख श्री सुनिल प्रजापतिबाट समय प्राप्त गरी निर्माण समितिका संयोजक श्री उकेश कवांले कर्मचारी म्याद थप सम्बन्धी प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नु भयो र सभा अध्यक्ष प्रजापतिले उक्त कर्मचारीहरुको म्याद थप सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नु भयो ।

४. सभा अध्यक्ष एवम् नगर प्रमुख श्री सुनिल प्रजापतिबाट समय प्राप्त गरी स्रोत अनुमान तथा बजेट तर्जुमा समितिका संयोजक श्री रजनी जोशीले विभिन्न योजनाको रकमान्तरण तथा बजेट स्रोत सुनिश्चतताको लागि बजेट संशोधन प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नु भयो र सभा अध्यक्ष प्रजापतिले देहाय बमोजिमको विभिन्न योजनाको रकमान्तरण तथा बजेट स्रोत सुनिश्चतताको लागि बजेट संशोधन सम्बन्धी उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नु भयो :

५. सभा अध्यक्ष श्री प्रजापतिबाट समय प्राप्त गरी शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य श्री रविन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८२ पारित गर्ने प्रस्ताव

सभा समक्ष प्रस्तुत गर्नु भयो र सभा अध्यक्ष प्रजापतिले उक्त संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८२ सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नु भयो ।

६. सभा अध्यक्ष प्रजापतिले संक्षिप्तमा भक्तपुर नगरपालिकाको १९ औं नगर सभाको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न भनपा २ नं वडाअध्क्ष श्री हरि प्रसाद बासुकलालाई समय प्रदान गर्नु भयो र वडाअध्यक्ष बासुकलाले उक्त प्रतिवेदन सभा समक्ष वाचन गरी प्रस्तुत गर्नुभयो ।

७. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको उन्नाइसौ नगर सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने उद्घाटन समारोहका प्रमुख अतिथि लगायत सम्पूर्ण अतिथिहरु, सम्पूर्ण सभासदहरु, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण कर्मचारीहरु तथा सञ्चारकर्मीहरुलाई धन्यवाद ज्ञापन गर्दै उन्नाइसौ नगर सभा सम्पन्न भएको घोषणा गर्नु भयो ।